बैठक संख्या ०५

आज मिति २०८१ साल मंसिर २८ गते (शुक्रवार) का दिन दिउसो ०३:३० बजे देखि ईशनाथ नगरपालिका, औरैया, रौतहटको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री कौशल्या देवीज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको सभा हलमा तपसिलको उपस्थितिमा बैठक बस्यो ।

उपस्थिति

| क.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री कौशल्या देवी | नगर प्रमुख | |
| २. | श्री मो. परवेज | नगर उप-प्रमुख | |
| ३. | श्री तजमुल खाँ | वडा अध्यक्ष/का. पा. सदस्य | |
| ४. | श्री धर्मेन्द्र साह | वडा अध्यक्ष/का. पा. सदस्य | |
| ५. | श्री रामचन्द्र राउत | वडा अध्यक्ष/का. पा. सदस्य | |
| ६. | श्री शत्रुधन सिंह | वडा अध्यक्ष/का.पा. सदस्य | |
| ७. | श्री शेख निसार | वडा अध्यक्ष/का.पा. सदस्य | |
| ८. | श्री जवाहिरलाल साह | वडा अध्यक्ष/का.पा. सदस्य | |
| ९. | श्री अवदुल खालिद | वडा अध्यक्ष/का.पा. सदस्य | |
| १०. | श्री शेख खुसबुदिन | वडा अध्यक्ष/का.पा. सदस्य | |
| ११. | श्री रामवावु राय यादव | वडा अध्यक्ष/का.पा. सदस्य | |

CamScanner

| | | | |
|---|---|---|---|
| १२. | श्री खुर्सेदा खातुन | कार्यपालिका महिला सदस्य | |
| १३. | श्री कमली देवी | कार्यपालिका महिला सदस्य | |
| १४. | श्री रामकली कनुईन | कार्यपालिका महिला सदस्य | |
| १५. | श्री सुन्दरता देवी | कार्यपालिका महिला सदस्य | |
| १६. | श्री समसुन नेशा | कार्यपालिका महिला सदस्य | |
| १७. | श्री तेजीलाल साह | कार्यपालिका सदस्य | |
| १८. | श्री उपेन्द्र महरा | कार्यपालिका सदस्य | |
| १९. | श्री लक्ष्मी नारायण राम | कार्यपालिका सदस्य | |
| २०. | श्री नन्द किशोर गुप्ता | सचिव/नि.प्रमुख प्रशासकीय अधिकृत | |

प्रस्ताव नं. १ : नेपाल भारत सिमाना सम्वन्धमा ।

निर्णय नं. १ : यस नगरपालिकाको वडा नं. १ चन्जरहा, वडा नं. २ औरैया, वडा नं. ४ लतमरी टोल र वडा नं. ७ सानो घिउरा नजिक रहेका नेपाल भारत सिमानाबाट चार पाङ्ग्रे आवत-जावत हुने गरेको, तर केही दिन देखि उक्त सिमानाहरूवाट आवत-जावत गर्न बन्द भएको हुँदा सो सिमानाबाट चार पाङ्ग्रे सवारी साधन आवत-जावत गर्न गराउनका लागि सम्वन्धित निकायमा पहल गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २ : हिउँदे अधिवेशन सम्वन्धमा ।

निर्णय नं. २ : यस नगरपालिका कार्यालयको आ.व. ०८१/०८२ को हिउँदे अधिवेशन तपसिल बमोजिमको मिति, समय तथा स्थान हुने निर्णय गरियो ।

तपसिल

हिउँदे अधिवेशन हुने मिति : २०८१ पौष २४ गते (बुधवार)

हिउँदे अधिवेशन हुने समय : बिहान ११:०० बजे देखि

हिउँदे अधिवेशन हुने स्थान : ईशनाथ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, औरैया ।

**प्रस्ताव नं. ३ : तह वृद्धि सम्बन्धमा ।**

**निर्णय नं. ३ :** यस नगरपालिका कार्यालयमा कार्यरत रहेका कर्मचारीहरुको तह वृद्धि गर्न मधेश प्रदेश सरकार स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २९ (१) र (५), कर्मचारी तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१ दफा ४, ८(५) तथा उक्त ऐन बमोजिम प्रदेश लोक सेवा आयोगको मिति २०८१/०८/२३ गतेको च.नं. ३३३ बाट प्राप्त राय परामर्श तथा निर्णयहरु बमोजिम यस नगरपालिका कार्यालयको मिति २०८१/०७/२८ गतेको प्रकाशित सूचनाबाट संकलन भएका निवेदन, पछिल्लो ३ वर्षको का.स.मु. मा १००% अङ्क प्राप्त भएको तथा सिफारिस समितिबाट प्रकृया पुरा भई मिति २०८१/०८/२८ छनौट भएका तपशिलका कर्मचारीहरुको तह वृद्धि गर्न निर्णय गरियो।

## तपसिल

| क.सं. | कर्मचारी को नाम | कर्मचारी संकेत नं. | सुरु नियुक्ति | | | | बढुवा/स्तर | | | | तह वृद्धि हुने | | | ज्येष्ठता कायम हुने मिति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | मिति | सेवा | समूह | तह | मिति | सेवा | समूह | तह | तह | सेवा | समूह | |
| १. | दिपेश रौनियार | २०२२५० | २०६९/०९/१८ | कृषि/ भेटेरिनरि | भेटेरिनरि | रा.प. अनं. द्वितीय | २०७५/१२/१९ | कृषि / भेटेरिनरि | भेटेरिनरि | सहायकस्तर पाचौं | अधिकृत छैठौं | कृषि / भेटेरिनरि | भेटेरिनरि | २०७८/१२/१० |
| २. | कौशल कुमार अधिकारी | २३७०७० | २०७६/०९/०९ | प्रशासन | स.प्र. | सहायक पाँचौं | - | - | - | - | अधिकृत छैठौं | प्रशासन | स.प्र. | २०७९/०९/०८ |